८२

## बैठक नं. २४

आज मिति २०८० साल श्रावण २६ गते शुक्रबार यस कीर्तिपुर नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री शुभलक्ष्मी शाक्य (सुनिता) ज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको वैठक, नगरपालिकाको सभाकक्षमा देहाय वमोजिमको उपस्थितिमा वसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, कार्यवाहक नगरप्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| २ | सदस्य, अध्यक्ष वडा नं. १ | श्री हिरालाल महर्जन | |
| ३ | सदस्य, अध्यक्ष वडा नं. २ | श्री रुपेश महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा नं. ३ | श्री सुविन्द्र महर्जन | |
| ५ | सदस्य, का.वा. अध्यक्ष वडा नं. ४ | श्री दिनेश चन्द्र दाहाल | |
| ६ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ७ | सदस्य, का.वा. अध्यक्ष वडा नं. ६ | श्री नन्दलाल महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १२ | सदस्य | श्री हरिराम वोगटी | |
| १३ | सदस्य | श्री जमुना महर्जन | |
| १४ | सदस्य | श्री पवित्रा विष्ट | |
| १५ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १६ | सदस्य | श्री राजिता गौतम महर्जन | |

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १७ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १८ | सदस्य | श्री सुजाता सुनाम | |
| १९ | सदस्य सचिव | श्री लक्ष्मी प्रसाद बास्कोटा | |

| आमन्त्रित व्यवस्थापन कर्मचारीहरु: | | | |
|---|---|---|---|
| सि.न. | पद | नाम, थर | दस्तखत |
| १ | लेखा अधिकृत | श्री प्रविनकुमार शाही | |
| २ | वरिष्ठ अधिकृत सातौ | श्री जनक थापा | |
| ३ | वरिष्ठ अधिकृत सातौ | श्री अनुज प्रधान | |
| ४ | स्वास्थ्य शाखा प्रमुख | श्री सन्तमान मानन्धर | |
| ५ | नगर प्रमुखको सचिवालय | श्री राजकपुर श्रेष्ठ | |
| ६ | क.अ. | श्री अकिल अमात्य | |
| ७ | उप प्रमुख सचिवालय | श्री केशव महर्जन | |

<u>प्रस्तावहरु</u>

१) कीर्तिपुर अस्पतालमा लिफ्ट संचालन सम्वन्धमा।

२) सुगर प्रेसरको औषधि सम्वन्धमा।

३) डेंगु रोग नियन्त्रण तथा आँखा पाक्ने रोग सम्वन्धमा ।

४) योजना अनुगमन प्रतिबेदन सम्बन्धमा ।

५) १० वटै वडाको वडा प्रोफाईल सम्बन्धमा ।

६) विविध

निर्णय नं . १

कीर्तिपुर अस्पतालले सेवाग्राहीहरुको सुविधालाई मध्यनजर गर्दै अस्पतालमा लिफ्ट जडान गर्न अति आवश्यक भएको भनी कीर्तिपुर अस्पताल व्यवस्थापन समितिको निर्णय र माग समेतका आधारमा लिफ्ट जडानका लागि काठमाडौं महानगरपालिकासंग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं . २

यस नगरपालिकाबाट ६८ (अठसट्ठी) बर्ष पुरा भएका जेष्ठ नागरिक, अपाङ्गता भएका, एकल महिला र म.स्वा.स्व.से.हरुलाई निःशुल्क रुपमा वितरण हुदै आएको मधुमेह तथा उच्च रक्तचापको औषधि ट्रेड नाममा उपलब्ध गराउदै आएकोमा वितरित औषधि भन्दा गुणस्तरीय हुने गरी जेनेटिक नाममा वितरण गर्ने सम्वन्धमा अध्ययन गर्ने निर्णय गरियो ।

निर्णय नं . ३

डेंगु रोगलाई महामारीको रुपमा फैलिन नदिन देहायबमोजिमका कार्यहरु गर्ने निर्णय गरियो । साथै आँखा पाक्ने रोग पनि महामारीको रुपमा देखिएको हुनाले सो को रोकथाम र नियन्त्रण गर्न आवश्यक कार्यहरू गर्ने निर्णय गरियो ।

देहायः

क) डेंगुको खोज तथा नष्ट गर्ने
ख) विद्यालय शिक्षा कार्यक्रम गर्ने
ग) माईकिङ, पोष्टर, पम्पेलेट, घरदैलो जस्ता कार्यक्रम गरी प्रचार प्रसार गर्ने
घ) वडा कार्यालय र स्वास्थ्य सँस्थाहरुमा सरोकारवालाहरुलाई अभिमुखिकरण कार्यक्रम गर्ने
ङ) डेंगु परिक्षण कीट खरिद गरी निः शुल्क परिक्षण गर्ने

निर्णय नं . ४

मिति २०७९ फाल्गुन ५ गते देखि २०८० असाढ मसान्त सम्म अनुगमन समितिबाट अनुगमन भएका जम्मा ३३० (तीनसय तीस) वटा योजनाहरुको अनुगमन प्रतिवेदन बैठकमा प्रस्तुत भई छलफल गरियो ।

निर्णय नं . ५

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसंग समन्वय गरी चालु आ.व.मा प्रत्येक वडाको जि.आई.एस. नक्शा सहितको वडा प्रोफाईल तयार गर्ने सम्वन्धमा प्रमुख प्रशासकीय अधिकृतले आगामी बैठकमा कार्यपत्र प्रस्तुत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

कीर्तिपुरका नगरबासीलाई गत बर्ष झै यस बर्ष पनि नि:शुल्क रगत तथा रक्त पदार्थ उपलब्ध गराउनका लागि नेपाल रेडक्रस सोसाईटी, केन्द्रीय रक्त संचार केन्द्रसंग २०८० श्रावण १ गते देखि लागू हुने गरी सम्झौता गर्ने र अन्य ईच्छुक सस्थाहरुसंग पनि आवश्यकताका आधारमा सम्झौता गर्ने अधिकार नगर प्रमुखज्यूलाई प्रत्यायोजन निर्णय गरियो ।

निर्णय नं. ७

हालसम्म नगरकार्यपालिकाबाट भएका कार्यान्वयन हुन बाँकी निर्णयहरु पूर्णरुपमा कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं . ८

नगरपालिका कार्यालय र शाखा कार्यालयहरुबाट प्रवाह हुने सेवा सम्वन्धमा नागरिकलाई सुसूचित गर्नका लागि नगारिक वडापत्र अध्यावधिक गर्ने र सो अनुसारको सेवा प्रवाह सुशासन समिति मार्फत अनुगमन गर्ने निर्णय गरियो ।

निर्णय नं . ९

कीर्तिपुर नगरपालिका भित्र रहेका मोटर बाटोहरुमा खाल्डाखुल्डीको समस्यालाई मध्यनजर गरी आवागमनमा बाधा नपर्ने गरी बाटो मर्मत गर्ने निर्णय गरियो।

निर्णय नं . १०

बालबालिका क्षेत्रमा कार्य तथा कार्यक्रम सञ्चालन एवं सहजीकरणको लागि देहाय बमोजिम आवश्यक निर्देशिका तथा कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

(क) बाल समूह र सञ्जाल गठन तथा सञ्चालन निर्देशिका, २०८०

(ख) बालकोष स्थापना तथा संचालन कार्यविधि, २०८०

(ग) बाल अधिकार समिति गठन तथा सञ्चालन कार्यविधि, २०८०

निर्णय नं . ११

बालमैत्री नगर घोषणा उद्धेश्यलाई साकार तुल्याउन "असल अभिभावक र बालबालिकाको अर्थपूर्ण सहभागिता सहितको सुसंस्कृत बालमैत्री कीर्तिपुर नगर" अवधारणात्मक समुदाय परिकल्पना स्वीकृत गर्ने निर्णय गरियो ।